# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।०४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी मनप्रसाद रेग्मी समेत ३ जना प्रतिवादीहरु भएको मुद्दा नं. ०७६-CR-०४५०), फैसला मितिः २०७९/१०/०६ | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी मनप्रसाद रेग्मीले निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५३/०७/१९ गतेदेखि मिति २०७६ चैत्र मसान्तसम्म समग्र जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. २,७७,११,५९२।- (अक्षरुपी दुई करोड सतहत्तर लाख एघार हजार पाँच सय बयान्नब्बे रुपैयाँ)** को तुलनामा सोही अवधिमा निजले **रु. ७,३१,४५,२९०।- (अक्षरुपी सात करोड एकतिस लाख पैंतालिस हजार दुई सय नब्बे रुपैयाँ)** लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम **रु. ४,५४,३३,६९८।- (अक्षरुपी चार करोड चौवन्न लाख तेत्तिस हजार छ सय अन्ठान्नब्बे रुपैयाँ)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी मनप्रसाद रेग्मीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको | **फैसलाः** प्रतिवादीहरुलाई सफाई।<br>विशेष अदालतले सफाई दिँदा लिएका आधारहरुः<br>• **आयतर्फः**<br>**(क) प्रतिवादी मनप्रसाद रेग्मीको पारिश्रमिक बचत आयः**<br>यस शीर्षकमा आयोगबाट जीवन निर्वाह खर्च कटाएर जाँच अवधिमा जम्मा रु. ३४,१२,११८।— आय गणना गरिएकोमा प्रतिवादी मनप्रसाद रग्मीले जिल्ला शिक्षा कार्यालय, मुगुको स्थायी नियुक्ति लिनुभन्दा पहिले मिति २०५२/१२/२९ गतेदेखि मिति २०५३/०१/१२ गतेसम्म जिल्ला शिक्षा कार्यालय, पाल्पामा प्राथमिक शिक्षा विकास परियोजनामा काम गरेवापत जीवन निर्वाह खर्च कटाएर रु. २८,३९२।- आयमा कायम हुनुपर्ने जिकिर लिएको। यस सम्बन्धमा, निज प्रतिवादीले पेश गरेका नियक्ति पत्र, म्याद थप र अवकास पत्रका प्रतिलिपिबाट सो वापत निजले के-कति तलब प्राप्त गरेका थिए भन्ने कुरा पुष्टि हुन सकेको नदेखिँदा अनुमानका भरमा उक्त रकम निज प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(ख) प्रतिवादी मनप्रसाद रेग्मीको दुर्गम, स्थानीय एवम् विविध भत्ता आयः**<br>**(अ)** यस शीर्षकमा आयोगबाट कायम भएको रु. १,१६,६७१।— को सट्टा पेश भएका भ्रमण आदेश, रमाना, भरपाई समेतका कागजातहरुबाट जम्मा रु. १२,७६,९६६।— कायम हुनुपर्ने भनी प्रतिवादी मनप्रसाद रेग्मीको जिकिर रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट खुद खर्च भई जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्ने कुनै कानुन र विवेकसम्मत आधार नदेखिने भनी खर्च भई जाने रकम आयमा जोडिएको नपाइएकोले कर्मचारीलाई भ्रमण गर्दा दिइने खर्च सोही समयमा खाना बासको लागि दिइने हुँदा ती रकम सोही समयमा खर्च हुने अवस्थामा उक्त रकमलाई आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(आ)** बैठक भत्ताको रकम बचत हुन सक्ने हुँदा प्रतिवादी मनप्रसाद रेग्मीले पेश गरेका प्रमाण कागजातहरुका आधारमा मिति २०६५/०८/१२ गतेदेखि २०७२ सम्मै बैठक भत्ता वापत जम्मा रु. ४,३२,९६०।१७ रकम आयोगले गणना गरेको जम्मा रु. १,१६,६७१।— मा थप भई जम्मा रु. ५,४९,६३१।१७ आय कायम हुने देखिएको।<br>**(ग) जग्गा बिक्रीबाट प्राप्त आयः**<br>यस शीर्षकमा आयोगबाट जाँच अवधिमा प्रतिवादी मनप्रसाद रेग्मीले जग्गा खरिद गर्दा निजको स्रोत नपुगेको अर्थात निजको वैद्य सञ्चित आयले खामेको | प्रस्तुत मुद्दामा **वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आयतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।**<br>**आयतर्फः**<br>**(क) जग्गा बिक्री र सवारी साधन बिक्रीबाट प्राप्त आयः**<br>**(अ)** प्रस्तुत मुद्दामा प्रतिवादी मनप्रसाद रेग्मीको सम्पत्तिको जाँच अवधि समयावधिको आधारमा नभई आय र व्ययको आधारमा आय/व्यय प्रवाह विवरण तयार गर्ने क्रममा निज प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएकोमा र निजले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेकोमा सोही बिन्दुसम्म एक जाँच अवधि कायम गर्दा नगद प्रवाह विभिन्न ११ खण्डमा वर्गीकरण गरी ११ वटा जाँच अवधि कायम गरिएको हो। गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा १०(३)(ड) र कायम गरिएको जाँच अवधि निश्चित समयको आधारमा ३/९ वर्षको हुने भन्ने पनि होइन। उक्त जाँच अवधिको अन्य कुनै मापदण्ड रहेको भन्ने हुँदैन। आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको र त्यस्तो बढी हुन गएको रकमको स्रोत पुष्टि हुन नसकेको अवस्थामा जाँच अवधि कायम हुने हो। प्रस्तुत मुद्दामा आरोपपत्रको पृष्ठ १७ देखि पृष्ठ ९८ सम्म ११ वटा खण्डमा वर्गीकरण गरी ११ वटा जाँच अवधि कायम गरी उक्त आरोपपत्रको अभियोग र दावी खण्डमा (आरोपपत्रको पृष्ठ १०५ देखि पृष्ठ १३६ सम्म) प्रतिवादी मनप्रसाद रेग्मीको वैद्य आय प्राप्ति तथा आर्जन, व्यय/खर्च तथा लगानी र वैद्य आय बचत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पुष्टि भएकोले बिगो **रु. ४,५४,३३,६९८।- (अक्षरुपी चार करोड चौवन्न लाख तेत्तिस हजार छ सय अन्ठान्नब्बे रुपैयाँ)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ बमोजिम सोही ऐनको दफा ३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र निज मनप्रसाद रेग्मीले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको मध्ये **रु. २,९०,४८,६८४।-** बराबरको सम्पत्ति र सोबाट नपुग हुने **रु. १,६३,८५,०१४।-** समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३; दफा १६ग; दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२); दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।<br>साथै, प्रतिवादी मनप्रसाद रेग्मीले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति निजले | नदेखिएकोले स्रोत खुलेको सम्पत्तिबाट बढे-बढाएको सम्पत्तिलाई वैद्य नमानी स्रोत खुलेको भागलाई मात्रै गणना गरी निज प्रतिवादीको जग्गा बिक्री वापत जम्मा रु. १,४३,५२,१६३।- कायम गरिएकोमा निज प्रतिवादीले यस शीर्षकमा जम्मा रु. ६,०९,४१,९३०।— कायम हुनुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीको आय व्ययलाई खण्ड-खण्ड गरेर होइन, समग्रमा हेर्नुपर्छ भनी सम्मानित सर्वोच्च अदालतबाट गैरकानुनी सम्पत्ति आर्जनको मुद्दाहरुमा भएका फैसला प्रतिपादित सिद्धान्तबाट भएको मार्गनिर्देशन र अदालती अभ्यासमा समग्र आय व्ययको गणना हुनुपर्छ भनी स्थापित अभ्यास रहेको हुँदा आरोपपत्रमा गणना नगरिएको जग्गा बिक्रीबाट प्राप्त भएको रकम रु. ४,४०,५३,९९७।— र आयोगबाट कायम गरिएको रु. १,४३,५२,१६३।— गरी जम्मा रु. ५,८४,०६,१६०।— निज प्रतिवादीको जग्गा बिक्रीबाट प्राप्त आय कायम हुने देखिएको।<br>**(घ) बैंक तथा वित्तीय संस्था एवम् कर्मचारी सञ्चय कोषबाट लिएका कर्जा आयः**<br>**(अ)** यस शीर्षकमा आयोगबाट जाँच अवधिमा प्रतिवादी मनप्रसाद रेग्मीको कर्जा वापतको रकम जम्मा रु. २९,६४,९००।— आयमा कायम गरिएकोमा निज प्रतिवादीले व्यक्तिगत कर्जा र संस्थागत कर्जा गरी जम्मा रु. १,१७,१८,९००।— आयमा कायम नगरी जम्मा रु. ८७,५४,०००।— रकम जोड्न छुट भएकोले उक्त रकम आयमा गणना गर्नुपर्ने भनी जिकिर लिएको।<br>**(आ) व्यक्तिगत कर्जाको सम्बन्धमा,** प्रतिवादी मनप्रसाद रेग्मीले बैंक स्टेटमेन्ट समेत प्रमाणको रुपमा पेश गरी निजको भाउजुबाट मिति २०७१/१२/१० मा रु. ११,००,०००।— र मिति २०७१/१२/११ मा रु. ८५,००,०००।- दिपक पाण्डेबाट मिति २०७२/०३/०३ मा रु. २०,००,०००।— समेत व्यक्तिगत कर्जा लिएको भनी जिकिर लिएतापनि निज प्रतिवादीको खातामा कसैको नामबाट पैसा जम्मा हुनुलाई आफैमा कर्जा लिएको प्रमाण भनी मान्न नसकिने; परिवारका सदस्यहरु र आफन्तहरुका बिचमा जुनसुकै प्रकारको व्यवहार, कारोबार, बनावटी काम कारवाही हुन सक्ने कुरालाई नकार्न नसकिने। यस्ता प्रमाणहरु आफैमा सिर्जना गर्न पनि सकिने हुँदा बैंकमा पैसा जम्मा भएको देखिएकै आधारमा कर्जा लिएको कुरालाई पुष्टि हुने भरपर्दो प्रमाणको अभावमा निज प्रतिवादीले विविध व्यक्तिहरुबाट कर्जा लिएको भन्ने निजको जिकिरलाई सत्य मान्न नसकिने।<br>**(इ) संस्थागत कर्जाको सम्बन्धमा,** कर्मचारी सञ्चय कोषको च.नं. १४४ मिति २०७७/०३/१६ को पत्रबाट रु. ३,०४,०००।-; NIC ASIA Bank Ltd. को पत्रबाट सन् २०१२/०९/१४ अर्थात मिति २०६९/०५/१४ मा Auto Loan भनी रु. १०,००,०००।— र राष्ट्रिय वाणिज्य बैंक लि.को च.नं. | अर्थात मौज्दात सम्बन्धमा विश्लेषण र मूल्याङ्कन गरी निज प्रतिवादीको सम्पत्तिको वैद्यता परीक्षण तथा अनुसन्धान गरी आय र व्ययको तुलनात्मक विवरण सहित स्पष्ट र किटानी मागदावी लिई निज प्रतिवादीको आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) उल्लेख भएको आरोपपत्र पेश भएको। निज प्रतिवादीको आय व्ययको मूल्यांकन गर्ने क्रममा निज प्रतिवादीले जग्गा र सवारी साधन खरिद गर्दा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषय सोही बखत हेरिने तथा मूल्याङ्कन गरिने विषय हो। सम्मानित विशेष अदालतले लिएको आधार बमोजिम यो विषयमा प्रतिवादीको आय र व्ययको समग्रतामा हेर्ने हो भने खरिद भएको बखतको आधारभूत सम्पत्तिको स्रोत पुष्टि भए/नभएको र वैद्य बचत मौज्दात आयले खामे/नखामेको विषयले परीक्षणको क्रममा स्थान नै नपाउने हुँदा यो विषयको औचित्य नै समाप्त भई गैरकानुनी रुपमा बढेबढाएको सम्पत्तिले वैद्यता पाउने र White Collar Crime को रुपमा परिभाषित गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मकसद विपरीत हुन जाने देखिएको।<br>**(आ)** यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. युवराज शर्मा समेत* भएको गैरकानुनी सम्पत्ति भ्रष्टाचार (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६) मुद्दामा *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहेको। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभुत सम्पत्तिको* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आफू लगायत परिवारका सदस्यहरु श्रीमति पम्फादेवी पाण्डेय रेग्मी, छोरी सन्ध्या रेग्मी र छोरा संकल्प रेग्मीका नाममा सिर्जना तथा खर्च लगानी गरेको। प्रतिवादी मनप्रसाद रेग्मीले खरिद गरी राखेका स्रोत नखुलेका सम्पत्ति; घर/जग्गा, सवारी साधन र बैंक मौज्दात निज मनप्रसाद रेग्मी लगायत श्रीमति पम्फादेवी पाण्डेय रेग्मी र छोरी सन्ध्या रेग्मी समेतका नाममा कायम रहेको देखिँदा स्रोत नखुलेको बराबरको भाग जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम निज मनप्रसाद रेग्मीको श्रीमति पम्फादेवी पाण्डेय रेग्मी र छोरी सन्ध्या रेग्मीलाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको।<br>विशेष अदालत, काठमाण्डौबाट प्रतिवादी मनप्रसाद रेग्मीको जाँच अवधिको समग्र आय रकम **रु. ७,५१,२२,२७९।१७ (अक्षरुपी सात करोड एकाउन्न** | १७८२ मिति २०७७/०३/११ को पत्रबाट रु. १०,००,०००।— गरी जम्मा रु. २३,०४,०००।— रकम संस्थागत कर्जा लिएको देखिएकोले निज प्रतिवादीको यस शीर्षकमा उक्त कर्जा रकम थप भई जम्मा रु. ५२,६८,९००।— आयमा गणना हुने देखिएको।<br>**(ङ) प्रतिवादी पम्फादेवी पाण्डेय रेग्मीको बीमा अभिकर्ता आयः**<br>यस शीर्षकमा आयोगबाट जाँच अवधिमा प्रतिवादी पम्फादेवी पाण्डेय रेग्मीको बीमा अभिकर्ता आयमा जम्मा रु. ८४,५४७।- कायम गरिएकोमा प्रतिवादीले स्टेटमेन्ट, बीमा अभिकर्ताको प्रमाणपत्र समेतका कागजातहरु प्रमाणको रुपमा पेश गरी सो वापतको आय रु. ३,४९,०६९।- गणना गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, पेश भएका कागजातहरुबाट प्रतिवादी पम्फादेवी पाण्डेय रेग्मी लगायत अन्य व्यक्तिको समेत नाम उल्लेख भएको Nepal Life Insurance Company Limited, Agent Commission List Rangewise भनी विवरण उल्लेख भएकोमा उक्त विवरणबाट निज प्रतिवादीले जिकिर लिए बमोजिमको रकम निजले प्राप्त गरेको स्पष्ट रुपमा देख्न नसकिएकोले निजले पेश गरेका कागजातहरुबाट निजको जिकिर समर्थित भएको नदेखिँदा सो रकम यस शीर्षकमा गणना हुने नदेखिएको।<br>**(च) सवारी साधन बिक्री आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी मनप्रसाद रेग्मीको जम्मा रु. २५,५८,२७०।- आयमा कायम गरिएकोमा निज प्रतिवादीले जम्मा रु. २६,४५,०००।— आयमा गणना गर्नुपर्ने भनी जिकिर लिएको। यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ ७८ मा आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) को सि.नं. २४९ मा प्रतिवादी मनप्रसाद रेग्मीले मौकाको बयानमा निज प्रतिवादीको नाममा दर्ता कायम रहेको भे. ५ प ७५८९ नम्बरको मोटरसाइकल मिति २०७४/०९/२४ मा रु. १,००,०००।— मा बिक्री भएको भनी दावी लिएकोमा आयोगबाट उक्त मोटरसाइकल मिति २०७२/०८/१७ मा खरिद गर्दा खरिद मूल्य रु. १,८९,०००।— को ८६.७३% बराबरको भागलाई निज प्रतिवादीको सञ्चित वैद्य आयले खामेको नपाइएकोले स्रोत खुलेको १३.२७% बराबरको भागलाई अर्थात रु. १३,२७०।— रकमलाई मात्र वैद्य आयमा गणना गरिएको। प्रतिवादीको आय व्ययलाई खण्ड-खण्ड गरेर नभई समग्रतामा हेर्नुपर्ने हुँदा उक्त मोटरसाइकल बिक्री वापतको सम्पूर्ण रकम रु. ८६,७३०।— निज प्रतिवादीको यस शीर्षकमा थप भई जम्मा रु. २६,४५,०००।— आयमा कायम हुने देखिएको।<br>**(छ)** प्रतिवादी मनप्रसाद रेग्मीको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट प्रतिवादीका श्रीमति प्रतिवादी पम्फादेवी पाण्डेय रेग्मीको पारिश्रमिक बचत रु. | *स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"* भन्ने सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ* भएको भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९) मुद्दामा कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यस्तै, सम्मानित सर्वोच्च अदालतबाट *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत* भएको भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२) मुद्दामा जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ।<br>**(ड)** खरिद तथा लगानी गरिएको सम्पत्ति बिक्री गरी आर्जन गरेको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी मनप्रसाद रेग्मीले निज र निजका श्रीमति र छोरी समेतको नाममा कायम रहेका जग्गा र सवारी साधन (मोटरसाइकल) खरिद भएको बखत आधारभूत सम्पत्तिको स्रोत पुष्टि नभएको र वैद्य बचत मौज्दात आयले खामेको नदेखिएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत जग्गा बिक्री र सवारी साधन बिक्रीबाट प्राप्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **लाख बाइस हजार दुई सय उनासी रुपैयाँ र सत्र पैसा**) र जाँच अवधिको समग्र व्यय रकम **रु. ७,३१,४५,२९०।- (अक्षरुपी सात करोड एकतिस लाख पैंतालिस हजार दुई सय नब्बे रुपैयाँ**) देखिई निज प्रतिवादीको जाँच अवधिको समग्र आयभन्दा जाँच अवधिको समग्र व्यय कम देखिएकोले प्रतिवादी मनप्रसाद रेग्मी उपरको आरोपदावी पुग्न नसकी निज प्रतिवादले आरोपित कसुरबाट सफाई पाउने र अन्य प्रतिवादीहरु पम्फादेवी पाण्डेय रेग्मी र सन्ध्या रेग्मी उपरको आरोपदावी समेत पुग्न नसकी निज प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने। | २३,६६,४०६।-; प्रतिवादी पम्फादेवी पाण्डेय रेग्मीले अस्थायी शिक्षक पदबाट सेवा निवृत्त हुँदा प्राप्त उपदान समेतका सुविधा वापत प्राप्त आय रु. ६,९९,६१५।-; कृषि आय रु. ६,५७,७००।—; बीमित बीमाङ्क आय रु. १,९२,८०६।-; प्रतिवादी मनप्रसाद रेग्मीको वैदेशिक आय रु. १,३८,६००।-; विप्रेषण (Remittance) आय रु. १,००,७०६।- र नगद शेयर लाभाँश रु. ६७,०९०।- कायम भएकोमा प्रतिवादीको थप जिकिर नभई मुख मिलेकै देखिएको।<br>**(ज) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) माटो बिक्री आयः**<br>यस शीर्षकमा प्रतिवादीले जिल्ला बाँके, कारकाँदो-१क, कि.नं. ७०५ को ३ कठ्ठा जग्गाबाट माटो कटान गरी बिक्री गरेर जम्मा रु. २०,०००।— आयमा गणना हुनुपर्ने जिकिर लिएकोमा निजले मौकामा जिकिर नलिएको र अदालतको बयानमा निजको मौखिक भनाई मात्रको आधारमा बिना प्रमाण उक्त रकमलाई आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(आ) प्रतिवादीका बुवाले दिएको रकमः**<br>यस शीर्षकमा प्रतिवादीले निजका बुवा दुर्गाप्रसाद रेग्मीले आफ्नो नाममा रहेको घडेरी जग्गा बिक्रीबाट प्राप्त रकम निजलाई सहयोग स्वरुप बैंकबाट पठाएको रु. ३,००,०००।— तथा नगद दिएको रु. २,००,०००।— गरी जम्मा रु. ५,००,०००।— र निजका बुवाको नाममा रहेको जिल्ला रुपन्देही, पर्रोहा-६क स्थित कि.नं. १६९२ को घर जग्गा बिक्री गरी प्राप्त रकम रु. १५,००,०००।— मध्ये निजका बुवाले मिति २०७३/०२/२० मा निज प्रतिवादीलाई पठाएको रु. ६,५०,०००।— गरी जम्मा रु. ११,५०,०००।— आयमा गणना हुनुपर्ने भनी निज प्रतिवादीको खातामा रकम पठाएको भौचर र राजिनामाको प्रतिलिपि प्रमाण स्वरुप पेश गरी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादी मनप्रसाद रेग्मीले मौकाको बयानमा आ.व. २०६७/०६८ मा रु. ५,००,०००।— दिएको भनेका तर रु. ६,५०,०००।— को कुरा उल्लेख नगरेका; निज प्रतिवादीका बुवाले जग्गा बिक्री गरेको प्रमाणबाट उक्त रकम यी प्रतिवादीले नै प्राप्त गरी निजलाई आय भएको कुरा पुष्टि हुन नसक्ने र यी प्रतिवादीले प्राप्त गरेको रकम, त्यसको स्रोत र समयकै विषयमा विरोधाभास देखिँदा प्रतिवादीको जिकिर बमोजिमको रकम यस शीर्षकमा निजको आयमा जोड्न मिल्ने नदेखिएको।<br>**(इ) घर भाडा वापत प्राप्त रकमः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी मनप्रसाद रेग्मीले घर भाडामा लगाएको सम्झौता पत्र नरहेको र घर बहाल कर तिरेको प्रमाण पनि नभएको आधारमा | आय शीर्षकहरुमा सम्मानित अदालतबाट प्रतिवादी मनप्रसाद रेग्मीको सम्पत्ति जाँच अवधि कायम गर्नुको कुनै कारण, औचित्य र मापदण्ड नरहेको; त्यसलाई अनुसरण गरिएको भन्ने कुरा पनि आरोपपत्रबाट खुलेको नदेखिँदा एउटै व्यक्तिको सम्पत्ति जाँच गर्दा विविध किसिमले कहिले छोटो र कहिले लामो अवधिलाई लिएर सम्पत्तिको जाँच गरेको र आय/व्यय निकालेको देखिएकोमा निज प्रतिवादीको आय व्ययलाई खण्ड-खण्ड गरेर होइन, समग्रमा हेर्नुपर्छ भनी आरोपपत्रमा गणना नगरिएको जग्गा बिक्रीबाट प्राप्त भएको रकम रु. ४,४०,५३,९९७।— र आयोगबाट कायम गरिएको रु. १,४३,५२,१६३।— गरी जम्मा रु. ५,८४,०६,१६०।— निज प्रतिवादीको जग्गा बिक्रीबाट प्राप्त आय कायम हुने र प्रतिवादी मनप्रसाद रेग्मीको आ.व. २०७४/०७५ को जाँच अवधिमा निज प्रतिवादीको नाममा दर्ता कायम रहेको भे. ५ प ७५८९ नम्बरको मोटरसाइकलको खरिद मूल्य रु. १,८९,०००।— मा निजको खरिद गर्दाको बखतको सञ्चित वैद्य आयले खामेको नपाइएकोले स्रोत खुलेको १३.२७% को हुन आउने रु. १३,२७०।— रकम आयोगले सवारी साधन बिक्रीबाट प्राप्त आय कायम गरिएकोमा उक्त मोटरसाइकल बिक्री वापतको सम्पूर्ण रकम रु. ८६,७३०।— निज प्रतिवादीको सवारी साधन बिक्रीबाट प्राप्त आय शीर्षकमा थप भई आयोगबाट अन्य सवारी साधन समेत बिक्रीबाट प्राप्त आय रु. २५,५८,२७०।— कायम गरिएकोमा सम्मानित विशेष अदालत, काठमाण्डौबाट जम्मा रु. २६,४५,०००।— सवारी साधन बिक्रीबाट प्राप्त आय कायम हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>**(ख)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी मनप्रसाद रेग्मीको दुर्गम, स्थानीय एवम् विविध भत्ता आय शीर्षक अन्तर्गत निज प्रतिवादीले बैठक भत्ता वापत प्राप्त जम्मा रु. ४,३२,९६०।१७ रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | घर भाडाबाट रकम प्राप्त भएको पुष्टि नभएकोले यस शीर्षकमा निज प्रतिवादीको आयमा गणना नगरिएको। यस शीर्षकमा निज प्रतिवादीले विभिन्न घरहरुबाट प्राप्त भाडा बापतको रकम जम्मा रु. ९,२९,०००।— आयमा गणना हुनुपर्ने भनी जिकिर लिएकोमा यी प्रतिवादीले बयान साथ पेश गरेका प्रमाण कागजातहरुबाट मिति २०७६/०९/०४ मा एक पटक बहाल कर रु. १६,८००।- तिरेको देखिएको र यस बाहेक निजले जिकिर लिए बमोजिम बहाल कर तिरेको प्रमाण पेश गरेको नदेखिएकोले निजले तिरेको कर रकमलाई आधार मान्दा रु. १,६८,०००।— घर बहाल रकम प्राप्त गरेको देखिएको। त्यस्तै, यी प्रतिवादीलाई जिल्ला रुपन्देही, सैनामैना नगरपालिका वडा नं. २ स्थित पैत्रिक घरमा रामप्रसाद भण्डारी बहालमा बसी जम्मा रु. ३,६५,०००।— बहाल प्राप्त भएको जिकिरलाई पुष्टि हुने गरी निज प्रतिवादीका साक्षी रामप्रसाद भण्डारले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रबाट देखिएको। यसरी घर बहाल कर तिरेको रसिदबाट रु. १,६८,०००।— र साक्षी रामप्रसाद भण्डारीले गरिदिएको बकपत्रबाट रु. ३,६५,०००।— गरी जम्मा रु. ५,३३,०००।— घर बहाल वापत प्रतिवादी मनप्रसाद रेग्मीले प्राप्त गरेको पुष्टि भएको देखिँदा उक्त रकम निजको आयमा गणना गर्नुपर्ने देखिएको।<br>**(ई) बैंकबाट प्राप्त व्याज रकमः**<br>यस शीर्षकमा प्रतिवादी मनप्रसाद रेग्मी र निजका परिवारका सदस्यहरुका नाममा विभिन्न बैंकहरुमा मौज्दात रहेको र त्यसबाट प्राप्त व्याज रकम रु. ३,९४,३९६।— आयमा गणना गरिनुपर्ने भनी निज प्रतिवादीले ती बैंक खाताका स्टेटमेन्टहरु समेत पेश गरी जिकिर लिएकोमा कहाँबाट कु-कुन मितिमा के-कति व्याज प्राप्त भएको कुरा प्रष्ट र व्यवस्थित रुपमा देखाउन र पुष्टि गर्न सकेको नदेखिँदा निजको जिकिर बमोजिमको रकम आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>• ***<u>व्ययतर्फः</u>***<br>**(क) घर/जग्गा खरिद, रजिष्ट्रेशन पारित दस्तुर र जग्गा विकास निर्माण लगायतमा भएको खर्च लगानीः**<br>**(अ)** यस शीर्षकमा आरोपपत्रमा प्रतिवादीको जाँच अवधिमा जम्मा रु. ४,८७,४३,९४४।— व्ययमा कायम भएको नदेखिएको। प्रतिवादी मनप्रसाद रेग्मीले निजको नाममा जिल्ला बाँके, मनिकापुर-६क, कि.नं. ९४८ को जग्गा मिति २०६९/०६/१० मा खरिद गरेको मूल्य रु. ७०,०००।— र रजिष्ट्रेशन पास दस्तुर रु. ३,०००।— गरी जम्मा रु. ७३,०००।— खर्च लेख्नुपर्नेमा खरिद मूल्य रु. ७,००,०००।— उल्लेख गरी रु. ६,३०,०००।— बढी खर्च लेखेको भनी निज प्रतिवादीको जिकिर रहेकोमा यी प्रतिवादीले पेश गरेको र.नं. ६६७० को राजिनामा लिखतको प्रतिलिपिबाट | आयोगले गणना गरेकोमा उक्त रकममा सम्मानित विशेष अदालतबाट रु. १,१६,६७१।— रकम थप भई यस शीर्षकमा जम्मा रु. ५,४९,६३१।१७ र बैंक तथा वित्तीय संस्था एवम् कर्मचारी सञ्चय कोषबाट लिएको कर्जा आय शीर्षक अन्तर्गत निज प्रतिवादीले संस्थागत कर्जा वापत प्राप्त आय रु. २३,०४,०००।— रकम आयोगले गणना गरेकोमा सम्मानित विशेष अदालतबाट रु. २९,६४,९००।— रकम थप भई यस शीर्षकमा जम्मा रु. ५२,६८,९००।— आयको रुपमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको नदेखिएको।<br>**(ग)** आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट घर भाडा वापत प्राप्त रकम शीर्षक अन्तर्गत जम्मा रु. ५,३३,०००।— आयमा कायम गरिएकोमा अन्यथा पुष्टि हुने अवस्था देखिँदैन र प्रतिवादी मनप्रसाद रेग्मीले जिकिर लिएका माटो बिक्री आय, प्रतिवादीका बुवाले दिएको रकम र बैंकबाट प्राप्त रकम शीर्षकहरुमा सम्मानित विशेष अदालतबाट निज प्रतिवादीको जिकिर बमोजिम उक्त शीर्षकहरुका रकमलाई प्रतिवादीको आयमा गणना नगरिनु मनासिब नै देखिन्छ।<br>• ***<u>व्ययतर्फः</u>***<br>प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार, कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी मनप्रसाद रेग्मीको घर/जग्गा खरिद, रजिष्ट्रेशन पारित दस्तुर र जग्गा विकास निर्माण लगायतमा भएको खर्च लगानी र घर निर्माणमा (फिनिशिङ्ग/विद्युतीय उपकरणहरु र फर्निचरहरु समेत) भएको लागत खर्च शीर्षकहरुमा निज प्रतिवादीले जिकिर लिए बमोजिम व्यय रकम पुष्टि नभई आयोगले मूल्याङ्कन गरेको व्यय रकम नै कायम भएको नदेखिएको।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निजले सो जग्गा दरिसा थापासँग कम मूल्यमा खरिद गरेको कुरा पुष्टि भएको नदेखिँदा यस शीर्षकमा आरोपपत्रमा उल्लिखित व्यय रकम नै कायम हुने देखिएको।<br>**(आ)** त्यस्तै, प्रतिवादी मनप्रसाद रेग्मीका श्रीमति प्रतिवादी पम्फादेवी पाण्डेय रेग्मी र उमा कक्षपतिको संयुक्त नाममा खरिद गरिएको जिल्ला बाँके, मनिकापुर-६क, साविक कि.नं. २२७ र कि.नं. २५५ को जग्गाबाट कित्ताकाट गरी बिक्री गरेको र बाँकी जग्गा हाल सार्वजनिक बाटोको रुपमा नै प्रयोग भएकोमा उक्त जग्गा प्रतिवादी मनप्रसाद रेग्मीको नाममा मिति २०७०/०१/१० मा जम्मा मूल्य रु. १,१५,५००।— मा खरिद गरिएकोमा लेनदेन नभएको मूल्य रु. १३,७१,७००।— बढी मूल्य कायम गरेकोले जम्मा रु. १,१५,५००।— मात्र व्यय कायम गरिनु पर्ने भनी निज प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, निज प्रतिवादीले मौकाको बयानमा उक्त जग्गाको खरिद मूल्य फरक लेखाएको र निजले गरिदिएको बयान व्यहोराबाट उक्त जग्गा बिक्री गरिसकेको भन्ने समेत देखिएकोमा उक्त जग्गाको खरिद मूल्य यति नै हो भनी एकिन रुपमा अन्यथा जिकिर लिन सकेको नदेखिएको हुँदा यी प्रतिवादीले मौकामा स्वीकार गरेको मूल्यलाई नै व्यय मान्नुपर्ने हुँदा निज प्रतिवादीको जिकिर बमोजिम व्यय रकम कायम गर्न मिल्ने नदेखिएको।<br>**(ख) घर निर्माणमा (फिनिशिङ्ग/विद्युतीय उपकरणहरु र फर्निचरहरु समेत) भएको लागत खर्चः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी मनप्रसाद रेग्मीको जाँच अवधिमा जम्मा रु. ६२,३८,०००।— खर्चमा गणना गरिएकोमा प्रतिवादीहरुको नाममा रहेका जम्मा ४ वटा घरहरुमध्ये प्रतिवादी मनप्रसाद रेग्मीको नामको जिल्ला बाँके, नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ४ को घर २.५ तले रहेकोमा सो घरको भुईं तल्ला निर्माणमा जम्मा रु. ४,६१,७००।— मात्र खर्च भएकोले आरोपपत्रमा जम्मा रु. ७,५०,०००।— खर्च भएको भनी व्यय कायम गरिएको नमिलेको भन्ने जिकिर यी प्रतिवादीले लिएको। यस सम्बन्धमा, निज प्रतिवादीले आफ्नो जिकिरलाई पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको नदेखिएकोले यस शीर्षकमा आरोपपत्रमा कायम गरिएको रकमलाई नै मान्नुपर्ने देखिएको।<br>**(ग)** प्रतिवादी मनप्रसाद रेग्मीको जाँच अवधिको समग्र व्यय सम्बन्धमा आयोगबाट कर्जा चुक्ता प्रयोजनार्थ सम्बन्धित संस्थाहरुलाई तिरेबुझाएको साँवा व्याज रु. १८,६६,९००।-; बीमा प्रिमियम वापत तिरेबुझाएको शुल्क रु. १,७७,००६।-; निजी वैदेशिक भ्रमण खर्च रु. २,६५,०००।-; लाभकर वापत तिरे बुझाएको रकम रु. १०,६६,०३७।-; शेयर खरिदमा रु. | प्रमाणहरुबाट प्रतिवादी मनप्रसाद रेग्मीको जाँच अवधिको समग्र व्यय जम्मा **रु. ७,३१,४५,२९०।- (अक्षरुपी सात करोड एकतिस लाख पैंतालिस हजार दुई सय नब्बे रुपैयाँ)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. ३,०९,८१,५५२।१७ (अक्षरुपी तीन करोड नौ लाख एकासी हजार पाँच सय बाउन्न रुपैयाँ र सत्र पैसा)** देखिएकोले निज प्रतिवादीले **रु. ४,२१,६३,७३७।८३ (अक्षरुपी चार करोड एकाइस लाख त्रिसाठ्ठी हजार सात सय सैंतिस रुपैयाँ र तिरासी पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा बिगो **रु. ४,२१,६३,७३७।८३ (अक्षरुपी चार करोड एकाइस लाख त्रिसाठ्ठी हजार सात सय सैंतिस रुपैयाँ र तिरासी पैसा)** बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट प्रतिवादी मनप्रसाद रेग्मी उपरको आरोपदावी पुग्न नसकी निज प्रतिवादले आरोपित कसुरबाट सफाई पाउने ठहरी भएको त्रुटिपूर्ण फैसला बदर गरी मिसिल संलग्न माथि विवेचित प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीको आय र व्यय कायम गरी सो हदसम्म फैसला गरी पाउन सादर अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | १,४९,९००।-; सवारी साधन खरिदमा रु. ८९,२६,९००।-; सुन खरिदमा रु. १,५१,०००।-; छोरा/छोरीको शैक्षिक खर्च रु. २७,११,११२।— र बैंक खाताहरुमा देखिएको अन्तिम मौज्दात रु. २८,४९,४९१।— कायम गरिएकोमा प्रतिवादीको अन्यथा जिकिर नदेखिएको। | |